(३८८)

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

राष्ट्रिय सूचना आयोग २०६५

## आदेश

मु.नं. ३३३/२०७१/०७२

जिल्ला काठमाडौं नगरपालिका चन्द्रागिरी वडा नं. १७ वलम्वु बस्ने वर्ष ३८ को सञ्जय देव महर्जन .........१ निवेदक

**विरूद्ध**

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), चन्द्रागिरी नगरपालिकाको कार्यालय, वलम्वु, काठमाडौं ....१ विपक्षी
सूचना अधिकारी, चन्द्रागिरी नगरपालिकाको कार्यालय, वलम्वु, काठमाडौं ............................१

विषय :- सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्नू ।

जिल्ला काठमाडौं नगरपालिका चन्द्रागिरी वडा नं. १७ वलम्वु वस्ने वर्ष ३८ को सञ्जय देव महर्जनले चन्द्रागिरी नगरपालिकाको कार्यालय, वलम्वु, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।०८ मा निवेदन गरेको र यस आयोगको मिति २०७१।१२।१९, प.च.नं.७४७ को पत्र वमोजिम चन्द्रागिरी नगरपालिकाको कार्यालय, बलम्बु, काठमाडौंको मिति २०७२।०३।०३, च.नं.२२१३, प.सं.०७१/७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २५ गते रोज ६ शुभम् ।